## पर्वत उद्योग वाणिज्य संघका प्रमुख गतिबिधिहरु

पर्वत उद्योग वाणिज्य संघको स्थापना २०३२ सालमा भै बर्तमान अबस्था सम्म पर्वत जिल्लाका ऐतिहासीक धार्मीक एवं पर्यटकीय स्थानहरुको सर्म्वद्धन प्रर्वद्धन गर्दै आन्तरीक तथा बाहय पर्यटक आवागमनका लागि वातावरण तय गर्नुका साथै कुश्मा वलेवा यान्त्रीकपुल,खेलकुद मैदान निर्माण, कुश्मालाई जोडने अग्ला लामा झोलुङ्गेपुलहरु,कुश्मा बजारको सडक कालोपत्रे सहित पक्की नाली निर्माण , रिङ्गरोड,कुश्मा कल्लेरी सडक ट्र्याक लगायत संरचनाहरु निर्माण गर्नुका साथै बिश्वकै अग्लो शिव पार्वतीको मूर्ती निर्माण अभियान एवं स्थानिय सडक,पुलहरु निर्माणमा संयोजन गरेको छ । उद्योग व्यापार एवं स्थानिय लघु उद्यमको बिकासका लागि यहाँका उत्पादनहरुलाई मुख्य उद्योगको रुपमा प्रर्वद्धन गर्दै पर्वत जिल्लाको पहिचानको रुपमा एक गाऊ एक उत्पादन अर्न्तगत पर्वतलाई लप्सी जिल्लाको रुपमा घोषित गरिसकेको र अन्य स्थानिय उत्पादनहरु सुन्ताला,कफि, अल्लो लगायत जडिबुटिहरुलाई यहाँको प्रमुख उत्पादनको रुपमा प्रर्वद्धन गर्दै, पर्वत जिल्लाका मुख्य उत्पादनहरुलाई राष्ट्रिय एवं अर्न्तराष्टिय बजारमा निर्यात बृद्धि गर्दै लैजानका लागि पर्वत उद्योग वाणिज्य संघले हरदम सहयोग पुऱ्याउदै आएको छ ।

साथै पर्वत उद्योग वाणिज्य संघका अन्य गतिबिधिहरु यसप्रकार रहेका छन ।

### १.कोसेली घर निर्माण

**पर्वत उद्योग वाणिज्य संघ र पर्यटन तथा उद्योग कार्यालय पर्वतको साझेदारीमा जिल्लामा संचालीत स्थानिय लघु घरेलु उद्यमीहरुबाट उत्पादीत सामानहरुको प्रर्वद्धन गर्दै लघु घरेलु उद्यमीहरुको सामानको बजारीकरणमा सहयोग पुऱ्याउने साथै पर्वतमा आउने पर्यटकहरुलाई मायाको चिनोको रुपमा कोसेली घर मार्फत बिक्रि बितरण गर्ने उद्धेश्यले पर्वत उद्योग वाणिज्य संघमा कोसेली घर निर्माण कार्य सम्पन्न गरिएको छ । साथै आगामी दिनमा थप बजेट व्यवस्थापन गरि स्थानिय उद्यमहरुको प्रर्वद्धन तथा बिक्रि व्यवस्थापन गर्दै लगीनेछ ।**

२.कृषि उपज संकलन केन्द्र निर्माण तथा व्यवस्थापन

**पर्वत उद्योग वाणिज्य संघले जिल्ला कृषि बिकास कार्यालय पर्वत, तत्कालीन जिल्ला विकास समिति पर्वत,जिल्ला बन कार्यालय पर्वत र कुश्मा नगरपालिकाको सहयोगमा कुश्मा नगरपालिका वार्डन-६ बगैचा स्थित शिवालय उच्च मा.बि.को जग्गा भाडामा लिई कृषि उपज संकलन तथा बिक्रि केन्द्रको निर्माण गरेको हो । यस कृषि उपज संकलन केन्द्रको संचालनबाट कृषकहरुबाट उत्पादीत कृषि उपज,ताजा तरकारीहरु संकलन गरि बिक्रि व्यवस्थापन गरिएको र यस केन्द्रबाट प्रत्यक्षरुपमा पर्वतका कृषकहरु साथै आम उपभोक्ताहरुमा सर्वसुलभ ताजा तरकारी आपूर्तिमा सहयोग पुगेकोछ ।**

**३. उत्कृष्ट उद्यमी व्यवसायी सम्मान कार्यक्रम**

पर्वत उद्योग वाणिज्य संघले बिगत बर्षहरुदेखि संचालन गर्दै आएको महोत्सवको बचत रकमबाट उद्यम व्यवसाय प्रर्वद्धन कोष स्थापना गरिएको र यस कोषको प्राप्तहुने व्याजबाट पर्वत जिल्लामा रहेर असाहय अबस्थामा रहेर पनि उत्कृष्टरुपमा बिभिन्न उद्यम व्यवसाय संचालन गर्ने उद्यमीहरुको प्रर्वद्धन गर्ने उद्धेश्यले व्यवसायी कल्याणकारी कोषबाट दैबि प्रकोप पिडित सदस्यहरुलाई राहत स्वरुप आर्थिक सहयोग र पर्वत जिल्लामा रहि स्थानिय लघु घरेलु उद्यमको स्थापना र बिकासमा महत्वपूर्ण योगदान पुऱ्याउने उत्कृष्ट उद्यमीहरुलाई उद्यम प्रवर्द्धन कोष मार्फत आर्थिक सहयोग प्रदान गर्दै आएको छ ।

**४. अबैध पोके व्यापारलाई निरुत्साहीत**

**पर्वत उद्योग वाणिज्य संघमा आवद्ध उद्योगी व्यवसायीहरुले राज्यका बिभिन्न निकायहरुमा पान, भ्याट, घरेलु, पालिका दर्ता, नबिकरण गरि बिधिवतरुपमा व्यवसायीक सामानहरुको खरिद बिक्रि गरिएको तर बाह्य क्षेत्रबाट आएका पोके व्यापारीहरुले दर्ता बिना नै अबैधरुपमा घर घरमा**

**डुलेर गुणस्तरहिन सामानहरु बिना बिल बिजक करछली गरि,अधिक मूल्यमा बिक्रि गरिरहेकाले राज्यलाई राजश्व घाटा भईरहेको र ग्रामीण भेगमा चोरीजन्य लगायतका घटनाहरु समेत हुने गरेकाले यस्ता अबैध तरिकाले व्यवसाय संचालन गरिरहेका पोके व्यापारीहरुको नियन्त्रणका लागि स्थानिय प्रसासनमा पत्राचार गरि सबै व्यवसायीहरु कानूनको दायरा भित्र रहेर व्यवसाय संचालन गर्न सुझाव सहित अबैध पोके व्यापारलाई निरुत्साहीत गरिएको छ ।**

## ५.दैबीप्रकोप पिडीत परिवारलाई राहात सहयोग

पर्वत उद्योग वाणिज्य संघले जिल्ला भैपरि आउने प्राकृतिक प्रकोप दैबि दुर्घटनाहरुको समयमा जिल्ला दैबि प्रकोप उद्धार समिति संगको सहकार्यमा दैवि प्रकोप पिडित परिवारहरुमा परेको पिडामा मलम लगाउने उद्धेश्यले पिडित परिवारहरुलाई राहात स्वरुप खाद्यान्न, लत्ता कपडा, आर्थिकसहयोग सहितका राहत सामाग्री उपलब्ध गराई मानबिय सहयोग पुऱ्याउदै आएको छ ।

## ६.आन्तरीक पर्यटन प्रर्वद्धन

**पर्वत उद्योग वाणिज्य संघले आन्तरीक पर्यटन प्रर्वद्धनका लागि जिल्लामा रहेका धार्मीक ऐतिहासीक तथा पर्यटकीय स्थलहरु,गुप्तेश्वर महादेव गुफा,अलपेश्वर गुफा,मोदीवेनी ,दुलुङ्गकोट, पन्चासे, सहस्रधारा, सेतीवेनी शालिग्राम, महाशिला, हम्पाल,कालन्जरपर्वत लगायतका महत्वपूर्ण पर्यटकीयस्थलहरु र पर्वत उद्योग वाणिज्य संघको प्रर्वद्धनमा निर्मित कुश्मा वलेवा यान्त्रिकपुल,दक्लीफ,हारर्नेस जिपलाईन, कुश्मा बाग्लुङ्ग,कुश्मा ज्ञादी जोडने अग्ला झोलुङ्गेपुलहरु प्रचार प्रसारका लागि संघका हरेक कार्यक्रमहरुमा प्रर्वद्धनका साथै आबश्यक सहयोग गर्दै आएको छ ।**

## ७) खाद्य स्वच्छता तथा गुणस्तर अधिबृद्धि सम्बन्धी सचेतनामुलक कार्यक्रम

**पर्वत उद्योग वाणीज्य संघको अनुरोधमा खाद्य प्रबिधि तथा गुणनियन्त्रण कार्यालय पोखरा र पर्यटन तथा उद्योग कार्यालय पर्वतको सहयोगमा संचालीत खाद्य स्वच्छता तथा गुणस्तर अभिबृद्धि सम्बन्धी सचेतना**

**कार्यक्रम उद्यमी,व्यवसायीहरु र यस संघका पदाधिकारी कार्यसमिति सदस्यहरुको उल्लेख्य सहभागीतामा संचालन गरिएको थियो ।**

**८) कर शिक्षा तथा कर संकलन कार्यक्रम**

पर्वत उद्योग वाणिज्य संघबाट संपूर्ण उद्योगी व्यवसायीहरुको सुबिधाको लागी नियमीत प्रक्रिया अनुरुप सम्पुर्ण व्यवासायीहरुको पान नबिकरण, बिबरण संकलन कार्य गरिएको र सचिवालयबाट सदस्यहरुको सुबिधाको लागि इपान र आय बिबरण बुझाउने कार्य सुचारु गरि सचिवालयबाट सहजरुपमा सेवा उपलब्ध गराईएको छ । साथै पर्वत उद्योग वाणिज्य संघको आयोजनामा आन्तरिक राजश्व कार्यालयका कर प्रशिक्षक मार्फत कर शिक्षा तथा अर्न्तक्रिया कार्यक्रम संचालन गरि संघका पदाधिकारी,का.स.स उधोगी,व्यवसायीहरु सम्पूर्णको सहभागीता रहदै आएको छ ।

९) जिल्ला स्थीत जिल्ला प्रशासन,सुरक्षा निकाय,आन्तरीक राजश्व कार्यालय , स्थानिय तहका सातै पालिकाहरु,सरकारी गैह्रसरकारी कार्यालय संघ संस्था बित्तिय निकायहरु संग सुमधुर सम्वन्ध कायम राख्दै आपसी समन्वय सहकार्य गर्दै, जिल्ला तथा बाह्य जिल्लामा संचालन हुने बैठक, सेमिनार गोष्ठी लगायत कार्यक्रमहरु हरुमा अध्यक्ष, निवर्तमान अध्यक्ष, पदाधिकारी, र सदस्यहरुबाट संघको प्रतिनिधित्व गर्दै सक्रिय सहभागीता रहेको छ ।